# कार्यकारी समितिको (मिति २०७[illegible]) ६१औं बैठकका निर्णयहरु

## निर्णय नं. १

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईको प.सं. २०७४/०७५ , च.नं. २९ को मिति २०७४/०५/०४ को पत्रसाथ प्राप्त भूकम्पवाट कम प्रभावित १७ जिल्ला मध्ये स्याङ्गजा जिल्लाको २१७ जना लाभग्राहीहरुको नामावली स्वीकृत गरी सो अनुरुप सम्बन्धित गाँउपालिका एवं नगरपालिकाहरुमा नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने ।

## निर्णय नं. २

गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा (९) बमोजिम सिफारिश भई आएका देहायबमोजिमका पुनर्निर्माणसँग सम्बन्धित परियोजनाहरु सम्बन्धित निकायले तोकेको मापदण्डभित्र रही संचालन गर्न स्वीकृति दिने ।

| क्र. सं | संस्थाको नाम | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजाको विवरण | परियोजना कार्यान्वयन हुने स्थान | राय | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| १ | Global Shapers Community | चुनिखेल स्वास्थ्य चौकी निर्माण | स्वास्थ्य | - २ तले ६ कोठे पक्की भवन सहितको स्वास्थ्य चौकि निर्माण | बुढानिलकण्ठ, चुनिखेल, काठमाण्डौ | विज्ञ सदस्य डा.श्री चन्द्र बहादुर श्रेष्ठ | ५,००,०००।०० ०५.४० प्रतिशत | ८७,७८,८३८।३१ ९४।६० प्रतिशत | ९२,७८,८३८।३१ | अप्रिल २०१८ |
| २ | Helvetas Swiss Interco operation Nepal | Rehabilitation of Facilities of Earthquake Affected people 2 (REAP II) | WASH and Technical Suport | -मेसन तालिम ५० जना<br>- प्राविधिक सहयोग खानेपानी तथा सरसफाई सम्बन्धि विभिन्न योजनाहरु | सिन्धुपाल्चोक | | ३,६०,५२,४००।०० १९।०० प्रतिशत | १५,५१,८६,५००।०० ८१।०० प्रतिशत | १९,१२,३८,९००।०० | २ वर्ष |
| ३ | समाज विकास केन्द्र | बनदेवी प्राथमिक विद्यालय भवन निर्माण | शिक्षा | - ३ वटा कक्षा कोठा भएको भवन निर्माण हुने | चौघडा-४, नुवाकोट | विज्ञ सदस्य डा.श्री चन्द्र बहादुर श्रेष्ठ | २,९०,०००।०० ९ प्रतिशत | २८,१४,३८४।०० ९१ प्रतिशत | ३१,०४,३८४।०० | २०७४ पौष |
| ४ | Love Green Nepal | School Reconstruction Project | शिक्षा | - ४ कोठे विद्यालय भवन निर्माण गर्ने | धुलिखेल-११ काभ्रे | विज्ञ सदस्य डा.श्री चन्द्र बहादुर श्रेष्ठ | ६,००,०००।०० | ३८,७५,००५।०० | ४४,७५,००५।०० | २०१८ अगस्त |
| ५ | TEARFUND | Comprehensive Capacity Development Package for Safer Construction | तालिम तथा नमुना घर | -मेसन तालिम १५० जना<br>- नमुना घर २७<br>- सामुदायिक अभिमुखिकरण १५०० जना | लम्जुङ | विज्ञ सदस्य डा.श्री हरिराम पराजुली | ६००४६५२।०० | २२५६३५१८।०० | २८५६८१७०।०० | २ बर्ष |

निर्णय नं. ३

क) "जोखिमयुक्त वस्ती पुनर्स्थापना एवं स्थानान्तरण सम्बन्धी कार्यविधि, २०७३" बमोजिम MIS शाखावाट रुजु भई आएका कुल १२४५ लाभग्राहीको तपशिल बमोजिमको जिल्लागत यसै साथ संलग्न सूची स्वीकृत गर्ने ।

| क्र.सं. | जिल्ला | लाभग्राही संख्या |
|---|---|---|
| १ | चितवन | ३४ |
| २ | धादिङ | १८४ |
| ३ | गोरखा | ८८ |
| ४ | लम्जुङ | १५ |
| ५ | नुवाकोट | २७८ |
| ६ | सिन्धुपाल्चोक | २७३ |
| ७ | दोलखा | ९७ |
| ८ | काभ्रे | ७९ |
| ९ | ओखलढुंगा | ९८ |
| १० | रामेछाप | ८३ |
| ११ | सोलुखुम्बु | १६ |
| | जम्मा | १२४५ |

ख) माथि (क) मा उल्लेखित लाभग्राही मध्ये यस अगावै घर निर्माण गरी सकेका वा निर्माण कार्य शुरु गरेका घरधनीहरुलाई लाभग्राहीले पाउने सुविधा उपलब्ध नगराउने ।

निर्णय नं. ४

निजी आवास पुनर्निर्माणसँग सम्बन्धित व्यवस्थापकीय सूचना प्रणाली (MIS) वाट पुनरावलोकन भई केन्द्रीय गुनासो व्यवस्थापन समितिवाट सिफारिश भई आएका ११औ र १२औ ब्याजका ३४९८ गुनासोहरु मध्ये १०२२ घरधुरीलाई लाभग्राहीहरुको सूचीमा समावेश गर्ने र बाकी गुनासोहरुलाई तपशिल बमोजिमको प्रकृयामा लैजाने गरी स्वीकृत गर्ने ।

| लाभग्राही सूचीमा पर्ने | सर्वेक्षण गर्नुपर्ने | स्थलगत निरीक्षण गर्नुपर्ने | लाभग्राही सूचीका लागि यकीन गर्न नसकिएको (स्थलगत निरीक्षणवाट यकीन हुनुपर्ने) | जम्मा |
|---|---|---|---|---|
| १०२२ | १३२९ | १७४ | ९७३ | ३४९८ |

सचिव